# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ

(२०८२ वैशाख महिनादेखि २०८२ असारमसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरबार

साउन, २०८२

**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

### पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

### दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

### रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,

- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।

- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- सङ्घीय इकाइको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।
- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- सङ्घीय इकाइबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।

- बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- सङ्घीय इकाइमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

नेपाल सरकार

# अर्थ मन्त्रालयको संगठन संरचना




रविलाल पन्थ
सचिव

## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयको जिम्वेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्र्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

**ऐनहरू**

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- भन्सार महसुल ऐन, २०८१
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४(पन्ध्रौं संशोधन २०८१)
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५

- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७

- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

**नीति, मापदण्ड**

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१

**४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः**

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| क्र.सं. | सचिवालय, महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय उपप्रधान तथा अर्थमन्त्री | विष्णु प्रसाद पौडेल | ४२११३९० |
| २. | सचिव | घनश्याम उपाध्याय | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | दिनेश कुमार घिमिरे | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव थान प्रसाद पंज्ञानी | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव ........... | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव यज्ञ प्रसाद भट्टराई | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव सेवन्तक पोखरेल | ४२११३७७ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव ........... | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्याम प्रसाद भण्डारी | ४२००५३७ |
| ११. | वैदेशिक सहायता समन्वय महाशाखा | सहसचिव धनिराम शर्मा | ४२११३७१ |
| १२. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव महेश बराल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
  - ➢ सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।
  - ➢ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा

घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।

- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

**(ख)सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

  ➢सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**

  ➢सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

## ८.१ आर्थिक वर्ष २०८१/८२ को बजेट

आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको कुल बजेट रु. १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रहेकोमा चालु खर्च रु.११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख अर्थात् ६१.३१ प्रतिशत, पुंजीगततर्फ रु.३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख अर्थात् १८.९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख अर्थात् १९.७४ प्रतिशत विनियोजन भएको थियो।

## ८.२ सार्वजनिक खर्च व्यवस्थापन

**क) वार्षिक सङ्घीय बजेट खर्चको अवस्था (रु.करोडमा): चालु आर्थिक वर्ष र गत आर्थिक वर्षको सोही अवधिको तुलनात्मक प्रगति विवरणः**

| शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | सार्वजनिक व्ययमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | असासम्मको व्यय | वार्षिक विनियोजनको तुलनामा व्यय % | वार्षिक विनियोजन | असारसम्मको व्यय | वार्षिक विनियोजनको तुलनामा व्यय % | |
| चालु खर्च | ११,४०,६७ | ९,५९,१२ | ८४.०८ | ११,४१,७८ | ९,२९,१३ | ८१.३८ | ३.२३ |
| पूँजीगत खर्च | ३,५२,३५ | २,२३,३५ | ६३.३९ | ३,०२,०७ | १,९२,०३ | ६३.५७ | १६.३१ |
| वित्तीय व्यवस्था | ३,६७,२८ | ३,२९,७८ | ८९.७९ | ३,०७,४५ | २,७२,२५ | ८८.५५ | २१.१३ |
| **जम्मा** | **१८,६०,३०** | १५,१२,२४ | ८१.२९ | १७,५१,३१ | १३,९३,४० | ७९.५६ | **८.५३** |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, महालेखा नियन्त्रक कार्यालय*

**क. चालुतर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ३.२३ प्रतिशतले खर्च वृद्धि भएको।

**ख. पुंजीगततर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १६.३१ प्रतिशतले खर्च वृद्धि भएको।

**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा २१.१३ प्रतिशतले खर्च बृद्धि भएको।

- **समग्र कुल खर्चः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ८.५३ प्रतिशतले वृद्धि भएको।

## (ख) अर्थ मन्त्रालय र अन्तर्गतको २०८२ असार मसान्तसम्मको बजेट खर्च स्थिति :

| क.सं. | बजेट उपशीर्षक | २०८१/८२ को शुरु विनियोजन | | | २०८१/८२ को खर्च | | | २०८१/८२ को खर्च प्रतिशत | | | २०८०/८१ को खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | अर्थ मन्त्रालय | ३९९१ | ३०२ | ४२९३ | ४४०६ | १९७ | ४६०३ | ११०.४० | ६५.२३ | १०७.२२ | ११०.६४ | २३२.३६ | ११२.२० |
| २ | ऋण असुली पुनरावेदन न्यायधिकरण | २२८ | ३ | २३१ | २१४ | २ | २१६ | ९३.८६ | ६६.६७ | ९३.५१ | ८७.२७ | ९९.५६ | ८७.४३ |
| ३ | ऋण असुली न्यायधिकरण | ४०९ | ७ | ४१६ | ४१९ | ९ | ४२९ | १०२.४४ | १२८.५७ | १०३.१३ | १०३.१० | ९९.८९ | १०३.०५ |
| ४ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३ | ० | ५००३ | ४१३९ | ० | ४१३९ | ८२.७३ | - | ८२.७३ | ९८.६० | - | ९८.६० |
| ५ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | ८०० | ० | ८०० | ७९९ | ० | ७९९ | ९९.८८ | - | ९९.८८ | ९९.९९ | - | ९९.९९ |
| ६ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५९४ | ० | ३५९४ | १३९४ | ० | १३९४ | ३८.७९ | - | ३८.७९ | ३१.७८ | - | ३१.७८ |
| ७ | बजेट सुधार आयोजना | ९०८ | ० | ९०८ | १० | ० | १० | १.१० | - | १.१० | ३.६५ | १७.९६ | ७.०० |
| ८ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १२४०० | १२१२१८ | १३३६१८ | ६१५१ | १७२२४ | २३३७६ | ४९.६० | १४.२१ | १७.४९ | ६४.०९ | १४.२२ | १८.९० |
| ९ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २०६९६८ | ० | २०६९६८ | ५५००० | ० | ५५००० | २६.५७ | - | २६.५७ | १४.१९ | - | १४.१९ |
| १० | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ४३३५ | ३१३० | ७४६५ | १४ | ० | १४ | ०.३२ | ०.०० | ०.१९ | - | - | - |
| ११ | उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | २० | ० | २० | ० | ० | ० | ०.०० | - | ०.०० | - | - | - |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८२*

| क.सं. | बजेट उपशीर्षक | २०८१/८२ को शुरु विनियोजन | | | २०८१/८२ को खर्च | | | २०८१/८२ को खर्च प्रतिशत | | | २०८०/८१ को खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १२ | महालेखा नियन्त्रक कार्यालय | १३७३ | ८८ | १४६१ | ३०२६ | ९७ | ३१२३ | २२०.३९ | ११०.२३ | २१३.७६ | ९३.९१ | ८९.३१ | ९३.६४ |
| १३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ६२८ | १४ | ६४२ | ५९९ | १२ | ६१२ | ९५.३८ | ८५.७१ | ९५.३३ | ८९.२७ | ९९.३५ | ८९.४२ |
| १४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १८२ | ५ | १८७ | १६८ | ३ | १७२ | ९२.३१ | ६०.०० | ९१.९८ | ७६.०३ | ९०.६३ | ७६.४४ |
| १५ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ८४७८ | १४७९ | ९९५७ | ७५०७ | ९३५ | ८४४३ | ८८.५५ | ६३.२२ | ८४.७९ | ८४.२४ | ७२.२१ | ८२.३१ |
| १६ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १०३ | २ | १०५ | १४ | ० | १४ | १३.५९ | ०.०० | १३.३३ | ११७.३७ | ०.०० | ११५.१४ |
| १७ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ८१० | ५४ | ८६४ | ६७९ | ४१ | ७२१ | ८३.८३ | ७५.९३ | ८३.४५ | ७७.९८ | ७५.२५ | ७७.८१ |
| १८ | भन्सार बिभाग | १४८४ | २९५० | ४४३४ | ११८३ | ८ | ११९२ | ७९.७२ | ०.२७ | २६.८८ | ८०.०५ | ०.३० | २७.५३ |
| १९ | भन्सार कार्यालयहरू | १०८७७ | ५१९ | ११३९६ | १०५३५ | २१२८ | १२६६४ | ९६.८६ | ४१०.०२ | १११.१३ | ९४.४६ | १६६४.६६ | १६२.८६ |
| २० | भन्सार सुधार कार्यक्रम | १४३८ | ४१७१ | ५६१० | ९३७ | १९०० | २८३८ | ६५.१६ | ४५.५५ | ५०.५९ | ५८.६३ | ५२.१८ | ५३.८३ |
| २१ | आन्तरिक राजस्व विभाग | ९२०५ | १६४३ | १०८४८ | २०६७ | ११४ | २१८२ | २२.४६ | ६.९४ | २०.११ | ७५.३३ | ९.४८ | ७०.०२ |
| २२ | आन्तरिक राजस्व कार्यालयहरू | १८२७१ | २३५२ | २०६२३ | २६४७६ | १७१८ | २८१९५ | १४४.९१ | ७३.०४ | १३६.७२ | ११६.३४ | ९८.४० | ११५.१३ |
| २३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ७३५ | २१ | ७५६ | ३८१ | १५ | ३९७ | ५१.८४ | ७१.४३ | ५२.५१ | ५४.९७ | ८८.३९ | ५५.९१ |
| **जम्मा** | | **२९२२४०** | **१३७९५८** | **४३०१९९** | **१२६११८** | **२४४०३** | **१५०५३३** | **४३.१६** | **१७.६९** | **३४.९९** | **३४.२५** | **२४.९२** | **३१.६९** |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८२*

## ८.३ राजस्व परिचालनको अवस्थाः

(क) आर्थिक वर्ष २०८१/८२ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा सङ्कलनको अवस्थासँग गत आर्थिक वर्ष संकलन भएको राजस्वसँगको तुलनात्मक विवरणः

(रु.करोडमा)

| कर शीर्षक | आ.व.२०८१/८२ को | | लक्ष्यको तुलनामा सङ्कलन (%) | आ.व. २०८०/८१ को | | लक्ष्यको तुलनामा सङ्कलन (%) | गत आ.व.को तुलनामा वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | | लक्ष्य | प्रगति | | |
| भन्सार महशुल | ३,०७,३६ | २,३०,९१ | ७५.१२ | ३,०७,४४ | २,०१,०२ | ६५.३८ | १४.८७ |
| मूल्य अभिवृद्धि कर | ३,८६,५२ | ३,४१,९३ | ८८.४६ | ४,२५,८९ | ३,१०,४५ | ७२.८९ | १०.१४ |
| अन्तःशुल्क | १,९४,९६ | १,७५,१७ | ८९.८५ | २,०७,२२ | १,४६,३५ | ७०.६३ | १९.६९ |
| शिक्षा सेवा शुल्क | ४,६६ | ४,०६ | ८७.१५ | २,८१ | ३,२६ | ११६ | २४.३६ |
| आयकर | ३,९०,७१ | २,९७,८१ | ७६.२२ | ३,६२,१२ | २,८३,४७ | ७८.२८ | ५.०६ |
| **कर राजस्व जम्मा** | **१२,८४,२१** | **१०,४९,८८** | **८१.७५** | **१३,०५,४८** | **९,४४,५६** | **७२.३५** | **११.१५** |
| अन्य राजस्व (गैरकर) जम्मा | १,३५,०९ | १,२८,९५ | ९५.४५ | १,१७,०६ | १,१४,३४ | ९७.६८ | १२.७७ |
| **कूल राजस्व** | **१४,१९,३०** | **११,७८,८२** | **८३.०६** | **१४,२२,५४** | **१०,५८,९०** | **७४.४४** | **११.३३** |
| विविध प्राप्ति | - | १७,३७ | - | - | २३,८५ | - | |
| **जम्मा राजस्व/प्राप्ति** | **१४,१९,३०** | **११,९६,१९** | **८४.२८** | **१४,२२,५४** | **१०,८२,७५** | **७६.११** | **१०.४८** |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८२*

(ख) करदाता दर्ता संख्या सम्वन्धी विवरणः (Active Only)

| क्र.सं. | दर्ताको प्रकार | आ.व.२०८०/८१ अषाढ मसान्तसम्म (Only Active) | आ.व. २०८१/८२ को साउन देखि असार मसान्तसम्मको थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १ | Business PAN | १९,४४,१०१ | २०८४३० | २०,६०,७५८ |
| २ | Personal PAN | ४२,४८,७०४ | ६,५४,०१८ | ४९,०२,७२२ |
| ३ | W-PAN | ३३,३२८ | २,५४२ | ३५,८७० |
| **जम्मा दर्ता** | | **६२,२६,१३३** | **७,७३,२१७** | **६९,९९,३५०** |
| ३ | VAT | ३,२७,४१७ | २४,३१८ | ३,५१,७३५ |
| ४ | EXCISE | १,१७,३६८ | ७,६२९ | १,२४,९९७ |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८२*

**८.४ <u>अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः</u> आर्थिक वर्ष २०८१/८२ को असारमसान्तसम्मको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को गत आ.व.को सोही अवधिसंग तुलनात्मक विवरणः**

(रु.करोडमा)

| सहायता शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | सहायता प्राप्तिमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति % | वार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति % | |
| वैदेशिक अनुदान | ५२,३३ | २३,५३ | ३२.६२ | ४९,९४ | २४,०१ | ४८.०८ | -२.०४ |
| वैदेशिक ऋण | २,१७,०० | १,२५,४० | ५७.७८ | २,१२,७२ | १,२५,६६ | ५९.०७ | -०.२१ |
| कुल वैदेशिक सहायता | २,६९,३३ | १,४८,९३ | ५५.१५ | २,६२,६६ | १,४९,६७ | ५६.९८ | -०.४९ |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखा नियन्त्रक कार्यालय*

## ८.५ आन्तरिक ऋणको अवस्था: आर्थिक वर्ष २०८१/८२ को असारमसान्तसम्मको सार्वजनिक ऋण तथा अनुदान परिचालनसंग गत आ.व.को सोही अवधिसंगको तुलनात्मक विवरण:

(रु.करोडमा)

| ऋण शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | ऋण प्राप्तिमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | वार्षिक प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | वार्षिक लक्ष्य | वार्षिक प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | |
| आन्तरिक ऋण | ३,३०,०० | ३,२९,९९ | ९९.९९ | २,४०,०० | २,३४,४२ | ९७.६७ | ४०.७७ |
| वैदेशिक ऋण | २,१७,०० | १,२५,४० | ५७.७८ | २१२७२ | १,२५,६७ | ५९.०७ | -०.२१ |
| **कुल ऋण** | **५,४७,००** | **४,५५,३९** | **८३.२५** | **४,५२,७२** | **३,६०,०९** | **७९.५३** | **२४.४७** |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१*

## ८.६ मुलुकको समग्र आर्थिक स्थिति:

- चालु आर्थिक वर्षको पहिलो एघार महिनासम्म शोधनान्तर स्थिति र चालु खाता दुबै बचतमा रहेका छन्। विप्रेषण आप्रवाह १५.५ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब ३२ अर्ब ९३ करोड पुगेको छ। यस अवधिमा विदेशी मुद्रा सञ्चिति २५.९ प्रतिशतले वृद्धि भएको छ, जुन १४.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।

- चालु आर्थिक वर्षको पहिलो एघार महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको छ। जुन अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोहि अवधीको तुलनामा १.३८ प्रतिशत बिन्दुले कम हो।

| परिसूचकहरू | इकाई | जेठसम्म | | वृद्धिदर (प्रतिशत ) | कैफियत |
|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | | |
| शोधनान्तर स्थिति | रु. करोड | ४२५६७.०९ | ४९१४३.९१ | १५.४५ | बचत/ बढेको |
| चालु खाता | रु. करोड | २००३९.२९ | ३०७३१.४ | ५३.३७ | बचत/ बढेको |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोड | १९६७१९.०९ | २५६९३८.३८ | २५.९ | बढेको |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिना | १२.६ | १४.७ | | बढेको |
| उपभोक्ता मुद्रास्फीति (जेठ महिना, वार्षिक विन्दुगत) | प्रतिशत | ४.१७ | २.७२ | १.४५ प्रतिशत बिन्दुले घटेको | सुधार भएको |
| औषत उपभोक्ता मुद्रास्फीति (११ महिनाको औसत) | प्रतिशतमा | ५.६२ | ४.२४ | १.३८ प्रतिशत बिन्दुले घटेको | बजेटले लिएको लक्षित सिमाभित्र रहेको |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल | सङ्ख्यामा | ११५२९ | ११५१९ | | मर्जर नीतिको कारण घटेको |
| विप्रेषण आप्रवाह | रु. करोड | १३२७५१ | १५३२९३ | १५.५ प्रतिशतले वृद्धि भएको। | बढेको |
| औसत आधारदर (वाणिज्य बैंक) | प्रतिशत | ८.१७ | ६.०९ | २.०८ प्रतिशत बिन्दुले घटेको | घटेको |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## ८.७ आर्थिक वर्ष २०८१/८२ को २०८२ वैशाखदेखि असारमसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः

### क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

१. आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गरिएको।

२. विनियोजन विधेयक, २०८२ को मस्यौदा तयार गरिएको।

३. राष्ट्र ऋण उठाउने विधेयक, २०८२ को मस्यौदा तयार गरिएको।

### ख. राजस्व व्यवस्थापनबाट सम्पादन भएका मुख्य कार्यहरुः

१. आर्थिक ऐन, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।

२. संसदको दुवै सदनबाट भन्सार ऐन, २०८१ पारित भई प्रमाणीकरणको चरणमा रहेको।

३. निकासी वा पैठारीसँग सम्बन्धित अनुमतिपत्र, इजाजतपत्र, सिफारिश पत्र वा प्रमाणपत्र जारी गर्न नेपाल राष्ट्रिय एकद्धार प्रणालीको विस्तार तथा प्रभावकारीता अभिवृद्धि गरिएको।

४. भन्सार मूल्याङ्कनलाई कारोबार मूल्यमा आधारित बनाउन स्वचालित मूल्याङ्कन प्रणालीको(Online Valuation Database System) विकास गरिएको।

५. विद्युतीय प्रणाली बाट विजक जारी र केन्द्रीय विजक अनुगमन प्रणालीमा आवद्ध गर्ने कार्य गरिएको।

६. अन्तर निकाय समन्वय मार्फत राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन राजस्व चुहावट नियन्त्रण समितिहरुको बैठक बसी चोरी निकासी पैठारी नियन्त्रण रणनीति अवलम्बन गरिएको।

७.Tax Expenditure Report प्रकाशन गरिएको।

### ग. कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु :

**१. कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृती तथा दर्ता सम्बन्धी कार्यः**

(क) वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/१२/२५ को निर्णयानुसार सङ्घीय संसदमा पेश गर्न स्वीकृत भएकोले उक्त विधेयक प्रतिनिधि सभामा पेश गर्न सङ्घीय संसद सचिवालयमा मिति २०८२/०१/०३ गते दर्ता गरिएको।

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०२/२२ मा विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयकको सिद्धान्त स्वीकृत भएको।

(ग) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा मिति २०८२/०१/१४ मा स्वीकृत भएको।

(घ) मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२, अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२, भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२, आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२, भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२, मदिरा (चौथो संशोधन) नियमहरु, २०८२ को मस्यौदा नेपाल राजपत्रमा मिति २०८१/०२/१५ को अतिरिक्तांक गरी सूचना प्रकाशनका लागि मिति २०८२/०२/२८ मा मुद्रण विभागमा पठाईएको।

(ङ) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०३/११ मा सम्पत्ति व्यवस्थापन सम्बन्धी विधेयकको सिद्धान्त स्वीकृत भएको,

(च) सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य सञ्चालन निर्देशिका, २०८२ मिति २०८२/०२/०९ मा स्वीकृत भएको।

(छ) निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२ मिति २०८२/०३/०५ मा स्वीकृत भएको।

(ज) आर्थिक ऐन, २०८२, विनियोजन ऐन, २०८२ र राष्ट्र ऋण उठाउने ऐन, २०८२ मिति २०८२/०३/३० मा प्रमाणीकरण भएको।

**२. राय/ परामर्श सम्बन्धी कार्यः**

यस मन्त्रालयका विभिन्न महाशाखाबाट राय माग भएका मुख्य मुख्य ४९ वटा विषयमा राय परामर्श दिएको।

**३. मुद्दाहरुको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः**

यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका ५२ वटा रिट निवेदनहरुको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय, मार्फत सर्वोच्च अदालतमा र उच्च सरकारी वकीलको कार्यालय, मार्फत सम्बन्धित उच्च अदालतमा दर्ता तथा प्रतिरक्षा गरिएको।

**४. राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः**

(क) सरकारी लगानी व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सूचना सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०८२/०१/१७ मा पठाइएको तहाँबाट सम्पादन भई प्राप्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशनको लागि मिति २०८२/०१/२६ मा मुद्रण विभाग पठाइएको।

(ख) विभिन्न राजस्व छुट सम्बन्धी ५ वटा सूचना नेपाल राजपत्रमा प्रकाशनको लागि मिति २०८२/०१/०८ मा मुद्रण विभाग पठाइएको।

(ग) नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु जाँचपास सम्बन्धी सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि पठाइएको र तहाँबाट सम्पादन भई आएपछि नेपाल राजपत्रमा मिति २०८१/२/१५ को अतिरिक्तांक गरी सूचना प्रकाशनका लागि मिति २०८२/२/२८ मा मुद्रण विभागमा पठाईएको।

(घ) कर्मचारी सञ्चय कोष नियमावली, २०८१ सम्बन्धी सूचनाको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि मिति २०८२/२/२१ मा पठाइएको।

(ङ) सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको आदेशको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएको र नेपाल राजपत्रमा मिति २०८१/२/१५ को अतिरिक्तांक गरी सूचना प्रकाशनका लागि मिति २०८२/३/२५ मा मुद्रण विभागमा पठाईएको।

**५. आदेश तथा फैसला कार्यान्वयन सम्बन्धमाः**

(क) ३० वटा मुद्दा उपर अदालतबाट भएको आदेश/फैसलाको प्रतिलिपि आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा आदेशको प्रतिलिपि पठाइएको।

**६. आ.व. २०८२ बैशाख देखि असार अवधिमा जारी भएका अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः**

(क) मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२,

(ख) अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२,

(ग) भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२,

(घ) आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२,

(ङ) भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२,

(च) मदिरा (चौथो संशोधन) नियमहरु, २०८२,

(छ) सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको आदेश,

(ज) आर्थिक ऐन, २०८२,

(झ) विनियोजन ऐन, २०८२, र

(ञ) राष्ट्र ऋण उठाउने ऐन, २०८२।

## घ. वित्तीय संघीयता समन्वय महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

१. साविकको समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधिमा समसामयिक विषयवस्तुहरु समावेश गरी समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मिति २०८२ बैशाख १४ मा माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीस्तरको निर्णयबाट पहिलो संशोधन स्वीकृत भएको।

२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत वित्तीय संघीयता सँग सम्बन्धित विभिन्न ऐनहरुमा भएका व्यवस्थाहरु समसामयिक परिमार्जनको लागि केहि नेपाल ऐन संशोधनको मस्यौदा तयार गरिएको।

३. अंग्रेजी भाषामा तयार भएको सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीतिको मस्यौदालाई नेपाली भाषामा रुपान्तरण गरी स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गर्न प्रक्रिया अगाडि बढाइएको।

## ङ. वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखासँग सम्बन्धित प्रमुख कार्यहरुः

**१.समष्टिगत आर्थिक परिसूचकहरु**

| **विवरण** | **जेठ, २०८२** |
|---|---|
| उपभोक्ता मुद्रास्फीति (% वार्षिक बिन्दुगत) | २.७२ |
| शोधानान्तर स्थिति (रु.अर्ब) | ४९१.४४ |
| विदेशी विनिमय संचिति (रु.अर्ब) | २५६९.३८ |
| विदेशी विनिमय संचिति (अमेरिकी डलर, रु.करोड) | १८६५ |
| विप्रेषण आप्रवाह (रु.अर्ब) | १५३२.९३ |
| बीमाको पँहुच पुगेको जनसंख्याको (%) | ४७.९५ |
| बीमा प्रिमियम संकलन (रू. लाखमा) | १९५०४१६.११ |

२.**वित्तीय पहुँचः** नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या (लघुवित्त वित्तीय संस्था समेत) २०८२ जेष्ठ मसान्तमा १०७ रहेको छ । यस मध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरु (लघुवित्त वित्तीय संस्था समेत) को शाखा २०८२ जेष्ठ मसान्तमा ११,५१९ पुगेको । बीमा कम्पनीमा १४ जीवन बीमा कम्पनी, १४ निर्जीवन बीमा कम्पनी, २ पूनर्बीमा कम्पनी, ७ लघुबीमा कम्पनी रहेका छन्। धितोपत्र बजारमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत कम्पनी २७२, धितोपत्र ब्रोकर ९२ वटा, डिम्याट खाता संख्या ६८,८५,५१७ वटा रहेका छन्।

**३. वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाबाट सम्पादित प्रमुख तथा उल्लेखनिय कार्यहरु :**

(१) नागरिक लगानी कोष कर्मचारी सेवा शर्त सम्वन्धी विनियमावली, २०८१ मा सहमति प्रदान गरिएको,
(२) कर्मचारी सञ्चय कोष नियमावली, २०८१ जारी भएको,
(३) वीमा नियमावली, २०८१ जारी भएको,
(४) राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८२ मा सहमति प्रदान गरिएको,
(५) नेपाल राष्ट्र बैंकको गभर्नर, नेपाल बीमा प्राधिकरण र नेपाल धितोपत्र बोर्डको अध्यक्ष तथा नेपाल स्टक एक्सचेञ्जको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति,
(६) योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने सम्वन्धमा सार्वजनिक प्रतिष्ठान, बोर्ड, समिति र सम्वद्ध मन्त्रालयहरुमा परिपत्र गरिएको,
(७) दोस्रो वित्तीय क्षेत्र विकास रणनीति मस्यौदा तयार भएको,
(८) सार्वजनिक लगानी व्यवस्थापन समितिको बैठकले ७ वटा रुग्ण उद्योगको पहिचान र वर्गीकरणको आधारमा मन्त्रिपरिषदबाट स्वीकृत भइ मूल्यांकनको लागि विज्ञ नियूक्त गर्न सूचना प्रकाशन गरिएको,
(९) २ वटा सार्वजनिक संस्थान (हेटौडा कपडा उद्योग र विराटनगर जुट मिल) को अध्ययन गरी सरकारी लगानी व्यवस्थापन समितिमा प्रतिवेदन प्रस्तुत भएको,
(१०) सार्वभौम क्रेडिट रेटिङ सम्पन्न भएको (रेटिङ्गबाट नेपालको स्कोर BB- देखिएको),
(११) साविकको निजिकरण ऐन, २०५० मा संशोधन गरी समसामयिक बनाइएको (सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५० जारी भएको),
(१२) सरकारी लगानी व्यवस्थापन कार्यवीधि, २०८२ जारी भएको,
(१३) सार्वजनिक निकायबाट हुने सबै भूक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध हुने व्यवस्था हुन परिपत्र गरिएको,
(१४) सार्वजनिक संस्थानको व्यवस्थापन तथा शुसासन नीति, २०८२ को मस्यौदा तयार भइ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र योजना आयोमा राय माग गरिएको।
(१५) नागरिक लगानी कोष ऐन, २०४७ को संशोधन विधेयक अन्तिम चरणमा रहेको,
(१६) कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दशौं संशोधन विधेयक अन्तिम चरणमा रहेको,
(१७) सम्पत्ति पुनर्संरचना विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको,
(१८) हेजिङ नियमावली, २०७९ को सशोंधनको क्रममा रहेको,
(१९) विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ संशोधनको क्रममा रहेको,
(२०) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को तेह्रौं शंसोधन अन्तिम चरणमा रहेको,
(२१) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को संशोधनको मस्यौदा अन्तिम चरणमा रहेको।

## च. योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

- आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट कार्यान्वयन कार्ययोजना तयार भई एकीकृत अनुगमन प्रणालीमा समावेश गरिए अनुसार नियमित प्रगति विवरण अद्यावधिक गरिएको।
- बिगुल तथा हेलो सरकारमार्फत प्राप्त गुनासोहरू नियमित रूपमा फर्छ्यौट गरिएको।
- सूचना मागकर्तालाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नियमित रूपमा सूचना प्रदान गरिएको।
- मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन प्रगति विवरण अद्यावधिक गरिएको।
- SMT, MDAC लगायतका बैठकहरु संचालन गरी उक्त बैठकमा भएको निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित विभाग तथा कार्यालयहरुमा प्रेषित गर्ने गरिएको।
- आगामी आर्थिक वर्ष २०८२/८३ को नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने यस मन्त्रालयको नीति तथा कार्यक्रम तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।
- यस मन्त्रालय र अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र निर्णय प्रक्रियालाई सरलिकृत गरी कार्य सम्पादन गर्न एकिकृत सेवा रुपान्तरण योजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।
- प्रतिनिधि सभा तथा राष्ट्रिय सभाबाट मौखिक प्रश्नको उत्तर माग भए बमोजिम नियमित रुपमा प्रदान गरिदैं आएको।

## छ. प्रशासन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

### क. कार्यालय व्यवस्थापन तर्फः

१. अर्थ मन्त्रालय र अन्तर्गत निकायको सङ्गठन र व्यवस्थापन सर्वेक्षण गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भएको।

### ख. बेरूजु तर्फः

महालेखापरीक्षकको कार्यालयको ६२ औं प्रतिवेदन सम्म अर्थ मन्त्रालय वा अन्तर्गतको विभाग/कार्यालयहरुको जम्मा रू.१,४५,२४,०२,०७,०००।- बेरुजु रहेकोमा रू.१०,७४,७१,६७,२८९।- संपरीक्षण भई लगत कट्टा हुँदा ७.३९९ प्रतिशत प्रगति हासिल भएको छ।

### ग. सूचना प्रविधि तर्फः

१. डाटा सेन्टर व्यवस्थापनको लागि **Power Backup** प्रणालीलाई स्तरोन्नती गरिसकिएको।
२. साईवर सुरक्षलाई मजबुत गर्नको लागि आवश्यक पर्ने महत्वपूर्ण उपकरण **Firewall** खरिदको लागि आसयको सूचना प्रकाशन गरिएको।
३. सूचना प्रविधि सम्बन्धी समस्याहरूको पहिचान गर्ने, आगामी कार्यदिशा तयार गरी पेश गर्ने, अन्तरगतका निकायका प्रणालीहरूको अन्तर आवद्धता कायम गर्ने लगायतका कार्यको लागि **ICT Quality Circle** गठन गरी सूचना प्रविधिको स्तरोन्नतीको कार्यप्रक्रिया शुरू गरिएको।
४. मन्त्रालयका कम्प्युटरहरूमा **Genuine Operating System** र **Office Package** व्यवस्था गर्नको लागि खरिद कार्य सम्पन्न भएको।

## ज. <u>आर्थिक नीति विश्लेषण महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः</u>

### १. आर्थिक सर्वेक्षण, अर्थ बुलेटिन र समष्टिगत आर्थिक परिसूचक सम्बन्धी कार्य

